धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगना परिवर्तन भएमा वा अन्य
कुनै गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

ई- पेपर हेर्नका लागी

वर्ष १९, अङ्क ३१३ ◆ २०८० जेष्ठ १३ शनिबार ◆ Saturday, MAY 27, 2023 ◆ ने सं ११४३ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## शिक्षामा सीप कार्यक्रमको निरीक्षण गर्न कामपा प्रमुख साह विद्यालयमा

काठमाडौँ । काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र साह शिक्षामा सीप कार्यक्रमको अनुगमन निरीक्षणका लागि शुक्रबार विभिन्न सामुदायिक विद्यालयमा पुग्नुभएको छ ।

कामपाले गत वैशाख १२ गतेदेखि पहिलो पटक सामुदायिक विद्यालयमा शिक्षामा सीप कार्यक्रम सुरु गरेको हो । पाठ्यपुस्तकबाट प्राप्त हुने सैद्धान्तिक ज्ञानसँगै जीवन उपयोगी, सीपमूलक तथा व्यावहारिक शिक्षा प्रदान गर्ने उद्देश्यसहित कामपाले उक्त कार्यक्रम लागू गरेको हो । विद्यालय तह पूरा गर्दा कम्तीमा एउटा प्राविधिक क्षेत्रमा स्वरोजगार हुनसक्ने जनशक्ति तयार गर्ने कामपाको उद्देश्य हो । उक्त कार्यक्रमअन्तर्गत ९० घण्टे कार्यक्रम तय गरिएको छ । जसमा कृषि तथा सहरी खेती, सौन्दर्य कला र कपाल शैली, काष्ठकला रङ कुँदेर बेलबुट्टा भर्ने काम, पाक कलालगायत १० क्षेत्र निर्धारण गरिएका छन् ।

निरीक्षण कार्यको सुरुआत वडा नं ५ टङ्गालमा रहेको टङ्गाल माध्यमिक विद्यालयबाट भएको थियो । विद्यालयका विद्यार्थीहरू समूहमा बाँडिएर कोही काठ चिल्लो बनाउने, बुट्टा भर्ने, काट्ने, नाप्ने सीप सिकिरहेका थिए ।

केही विद्यार्थी मोबाइल मर्मत गर्न सिकिरहेका थिए । सीपमूलक तालिममा सहभागी नहुने विद्यार्थीहरू कक्षा कोठाको सजावट गर्ने सामग्री निर्माण गर्ने, आर्ट गर्ने, कागज काटेर सजावटका सामान बनाउनेलगायत काम गरिरहेका थिए ।

### परम्पराका राम्रा कुराहरुको अनुशरण गर्नुपर्नेमा जोड

# बहुभाषी र समावेशी बन्दैछन् कविता महोत्सव

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । नेपाल प्रज्ञा प्रतिष्ठानले नियमितरूपमा आयोजना गर्दै आएको राष्ट्रिय कविता महोत्सवलाई यस वर्षदेखि बहुभाषी, सहभागीमूलक र समावेशी बनाउने भएको छ ।

हरेक वर्ष असार ९ गते प्रतिष्ठानको वार्षिकोत्सवका अवसरमा आयोजना हुने महोत्सवलाई नामअनुसार नै ढाँचागत परिमार्जनसहित 'राष्ट्रिय' र 'महोत्सव' बनाउन सबैले अपनत्व महसुस गर्न सक्नेगरी कार्यक्रम तय गरिएको छ । 'सबैको प्रज्ञा प्रतिष्ठान' नीतिअनुसार सम्भव भएसम्म प्रतिष्ठानका सबै विभाग र पत्रिकाका प्रकाशनलाई बहुभाषी बनाउने तयारी प्रतिष्ठानको रहेको छ ।

गत फागुन ४ गते नियुक्त प्राज्ञसभा सदस्यको कार्यकाल एक सय दिन पूरा भएको सन्दर्भमा कुलपति भूपाल राईले प्रतिष्ठानको ६५ वर्षको लामो इतिहासको निरन्तर कडीका रूपमा जोडिन आएकाले आफू यसको इतिहास, परम्परा, मूल्य, मान्यतालाई आत्मसात गर्दै सशस्त्र जनयुद्ध र त्यसको जगमा भएको ऐतिहासिक जनआन्दोलनपछि स्थापित सङ्घीय लोकतान्त्रिक गणतन्त्रका सन्दर्भमा नेपाली जनताको ऐतिहासिक सङ्घर्ष, त्याग र बलिदानको विरासतलाई बोकेर अघि बढिने बताउनुभयो ।

उहाँले भन्नुभयो, "कविता प्रतियोगिता होइन, आम कवि वा स्रष्टाका लागि सिर्जनात्मक वातावरण निर्माण गर्नु हो भन्ने ठहरसहित सहभागितामूलक कविता महोत्सवको आयोजना गरिएको र साहित्यका अन्य विधा (सम्भव भएसम्म सबै विधा) मा पनि यस्तै महोत्सव सञ्चालन गर्ने नीति रहेको छ ।" प्रतिष्ठानका कतिपय पूर्वपदाधिकारीले भने कविता महोत्वसलाई ढाँचा परिवर्तनका नाममा नेपाली खस भाषालाई अवहेलना गर्न खोजिएको र विविध भाषाको कवितालाई एकै मूल्याङ्कनको विधिमा समावेश गर्न नमिल्ने तर्क राख्दै आएका छन् ।

"वर्तमान नेतृत्वलाई प्रज्ञा प्रतिष्ठानको अविच्छिन्न उत्तराधिकारको निरन्तरतामा रहँदारहँदै पनि यसको काँधमा परम्पराका राम्रा कुराको अनुसरण गर्दै आजको युगसापेक्ष संस्कृतिको निर्माण र रूपान्तरणको दायित्व आइपरेको छ", कुलपति राईको भनाइ छ, "खास गरेर जनसङ्घर्षको इतिहास, सबै प्रकारका विभेद, उत्पीडन, असमानता, शोषण, अन्यायको अन्त्य र नेपालको वर्तमान संविधानले निर्दिष्ट गरेको समावेशी, समानुपातिक, सङ्घीय गणतन्त्रात्मक व्यवस्था र संविधानमा परिकल्पना गरिएको समाजवाद उन्मुखताका मूल्य, मान्यता, सौन्दर्यअनुरूपको जिम्मेवारीप्रति प्रतिष्ठानको वर्तमान नेतृत्व सचेत र प्रतिबद्ध रहेको छ ।"

प्रतिष्ठानले यसअघि साहित्यिक पत्रिकालाई केही आर्थिक अनुदान प्रदान गर्दै आएकोमा यस पटकदेखि मूलधारका साहित्यिक पत्रकार र मातृभाषाका साहित्यिक पत्रकार गरी वार्षिक दुई जनालाई 'साहित्यिक पत्रकार राष्ट्रिय पुरस्कार' प्रदान गर्ने जनाएको छ । प्रतिष्ठानमा रहेका ११ ओटा विभागमध्ये यसअघि प्रचलनमा रहेको 'लोकवार्ता तथा बालसाहित्य' विभाग विषय क्षेत्रअनुसार अमिल्दो भएकाले बालसाहित्यलाई अर्को विषय क्षेत्रमा नमिसाई स्वतन्त्ररूपमा विकास गर्नुपर्ने आवश्यकता बोध गर्दै बालसाहित्यको मात्रै छुट्टै विभाग कायम गरी बालसाहित्यको विकासमा विशेष जोड दिइने उल्लेख गरेको छ ।

प्रतिष्ठानले संस्कृति, लोकवार्ता र मौखिक इतिहासजस्ता एक अर्कासँग सम्बन्धित विषयलाई समेटेर 'संस्कृति, लोकवार्ता तथा मौखिक इतिहास' विभागको गठन गरेको छ । जनताका सुख, दुःख, भोगाइ र संस्कृतिको इतिहास मौखिक परम्परामा रहेको र ती सबैको लिखित इतिहास नहुने भएकाले मौखिक इतिहासको सङ्कलन तथा अभिलेखनलाई प्राथमिकतामा राखेको सदस्यसचिव डा धनप्रसाद सुवेदीले बताउनुभयो । बृहत् शब्दकोशका बारेमा रहेका विवाद र त्यससम्बन्धी परेका उजुरीसमेतलाई मध्यनजर गर्दै शब्दकोश परिमार्जन र विस्तार गर्ने भएको छ । यसका लागि सरोकारवाला संस्थाका साथै विषय विज्ञ, भाषाविज्ञको सल्लाह लिई शब्दकोशलाई सकेसम्म कम विवादित बनाउने प्रयत्न गरिने भएको छ । यस्तै नेपालका मौलिक तथा रैथाने दर्शनको अध्ययन एवं अनुसन्धानमा जोड दिइने र नेपाली भाषाबाट विभिन्न मातृभाषा तथा विदेशी भाषामा, मातृभाषाबाट नेपाली तथा विदेशी भाषामा र विदेशी भाषाबाट नेपाली तथा मातृभाषामा विभिन्न कृतिको अनुवाद तथा प्रकाशनमा जोड दिइने भएको छ ।

## विदेशमा गैरकानूनी हैसियतमा रहेका नेपालीलाई कानूनी वैधता दिन पहल गरिने

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले सरकार वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउने प्रयासमा रहेको बताउनुभएको छ । प्रवासी नेपाली समन्वय समितिको साझेदारीमा श्रम रोजगार पत्रकार समूहले स्थापना गरेको 'श्रम रोजगार पत्रकारिता पुरस्कार-२०७९' हस्तान्तरण समारोहलाई शुक्रबार सम्बोधन गर्दै उहाँले वैदेशिक रोजगारीलाई मर्यादित, सम्मानित र सुरक्षित गर्ने सरकारको लक्ष्य रहेको बताउनुभयो ।

"खुला अर्थतन्त्र र विश्वव्यापीकरणको अहिलेको सन्दर्भमा श्रम बजारको 'मुभमेन्ट' लाई व्यवस्थित बनाउनुपर्छ", उहाँले भन्नुभयो, "अहिलेको विश्वव्यापीकरणको फाइदा नेपालले पनि लिनुपर्छ, यसलाई अवसरका रूपमा लिँदै मुलुकलाई समृद्ध बनाउनुपर्छ ।"

मन्त्री भण्डारीले जुनसुकै माध्यमबाट विदेशमा पुगी गैरकानूनी अवस्थामा रहेका नेपाली नागरिकलाई एक पटकका लागि कानूनी वैधता दिने तयारी गरिएको बताउनुभयो । "विदेशमा अवैधानिकरूपमा रहेका, श्रम स्वीकृति नलिएका, श्रम स्वीकृतिको अवधि सकिएका सबै नेपालीलाई एक पटकका लागि सम्बन्धित मुलुकसँग समन्वय गरेर कानूनी वैधता दिने अभियान सञ्चालन गरिनेछ", उहाँले भन्नुभयो ।

विश्व बजारमा रहेको रोजगारका सम्भावनालाई खुला गर्न सरकार लागि परेको उल्लेख गर्दै मन्त्री भण्डारीले भन्नुभयो, "कूटनीति सम्बन्ध स्थापना भएका सबै मुलुकमा रोजगारीको सम्भावना खुला गर्न सरकारले पहल जारी राखेको छ ।"

संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसिसी)का अध्यक्ष विनोद श्रेष्ठले श्रम क्षेत्रलाई व्यवस्थित बनाउनका लागि सरोकारवालाको सुझावलाई सरकारले प्राथमिकता दिनुपर्ने बताउनुभयो । "मन्त्रालय मातहतका निकायलाई कार्यकर्ता भर्ती केन्द्र नबनाउनुस्, सम्बन्धित क्षेत्रका विज्ञलाई प्राथमिकता दिनुहोस्", उहाँले भन्नुभयो । नेपाल वैदेशिक रोजगार व्यवसायी सङ्घका अध्यक्ष राजेन्द्र भण्डारीले वैदेशिक रोजगार व्यवसायीले मुलुकको समृद्धिमा पुऱ्याएको योगदानको मूल्याङ्कन हुनुपर्ने बताउनुभयो ।

पाँच पत्रकार पुरस्कृत

कार्यक्रममा मन्त्री भण्डारीले श्रम आप्रवासनका क्षेत्रमा उत्कृष्ट समाचार सामग्री तयार गर्ने पाँच पत्रकारलाई पुरस्कार प्रदान गर्नुभएको थियो । उहाँले प्रथम पुरस्कार भूपराज बस्याल र तारा चापागाईं (अन्नपूर्ण पोष्ट), द्वितीय पुरस्कार मुना कुँवर (नयाँ पत्रिका) तथा तृतीय पुरस्कार पवन पाण्डे (द काठमाडौँ पोष्ट) र मेघराज सापकोटा (कान्तिपुर)लाई प्रदान गर्नुभयो । पुरस्कारको राशि जनही क्रमशः रु २० हजार, रु १५ हजार र रु १० हजार रहेको छ । समूहले प्रवासी नेपालीका क्षेत्रमा काम गर्दै आएको र पुरस्कार प्रदान गरेको हो ।

## नेपाल काजकस्तानसँग पराजित

काठमाडौं । राजधानीमा जारी एनएससी-काभा महिला भलिबल च्यालेन्ज कपमा नेपाल काजकस्तानसँग पराजित भएको छ ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्ड हलमा शुक्रबार भएको दोस्रो सेमिफाइनल खेलमा काजकस्तानले नेपाललाई ३-२ को सेटमा पराजित गरेको हो । पहिलो सेटमा हार बेहोरेको नेपालले दोस्रो र तेस्रो सेटमा सहज जित हात पारेको थियो । तर खेलको चौथो र पाँचौँ सेट जित्दै काजकस्तान फाइनलमा पुग्यो । निकै प्रतिस्पर्धात्मक बनेको खेलको पहिलो सेट नेपालले ३०-२८ को अन्तरले गुमाएको थियो ।

दोस्रो सेट भने नेपालले २५-१६ को अन्तरले सहजरूपले जित हात पार्यो । तेस्रो सेट नेपालले २५-१५ ले जितेको थियो । चौथो सेट काजकिस्तानले २५-१८ ले जितैसँगै खेल पाँचौ सेटमा धकेलिएको थियो ।

**एक विद्यालय एक नर्स कार्यक्रम सम्वन्धी जानकारी**

**विद्यालय तहमा नै विद्यार्थीहरुको समग्र स्वास्थ्य, सरसफाई, पोषण, मानसिक स्वास्थ्य, किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य प्रवर्धन गर्न तथा सरुवा र नसर्ने रोग रोकथामबारे जानकारी गराई स्वस्थ जीवनयापन अपनाउन उत्प्रेरित गर्न बागमती प्रदेश सरकारले नमना स्वास्थ्य प्रवर्धन कार्यक्रमको रुपमा एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन गरेको छ ।**

**विद्यार्थीहरुको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार ल्याउन यस कार्यक्रमको उद्देश्य यस प्रकार छन् ।**

- विद्यालयमा प्रवर्धनात्मक, प्रतिकारात्मक र उपचारात्मक स्वास्थ्य सेवा प्रदान गर्ने,
- विद्यार्थीहरुलाई पोषिलो खाना तथा सरसफाईबारे जानकारी गराउने र प्रोत्साहित गर्ने,
- विद्यालयमा पत्र खाना (Junk Food) निरुत्साहित गर्ने,
- यौन तथा प्रजनन, मानसिक, मुख तथा दाँत र आँखाको स्वास्थ्य जस्ता विषयमा स्वास्थ्य परीक्षण गर्ने र परामर्श सेवा प्रदान गर्ने, विद्यालय नस तथा विद्यार्थी मार्फत परिवार एवं समुदायलाई स्वस्थ बनाउन सचेतना जगाउने,
- विद्यार्थी शिक्षक कर्मचारी परिवार एवं समदायलाई स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गर्ने.
- सर्ने तथा नसर्ने रोगहरूको रोकथामका लागि विद्यार्थीहरुको सहभागितामा⁄ चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,
- विद्यालय स्वास्थ्यका अन्य क्रियाकलापहरु कार्यान्वयन गर्ने ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
हेटौडा मकवानपुर, नेपाल

सम्पादकीय ....

## सत्य बोलौं र अडिग बनौं

समाजमा लगातार अफवाह फैलँदै गर्दा त्यसलाई चिर्ने र सही तथ्यका आधारमा नागरिकलाई सही सूचना दिने दायित्व पत्रकारिताको हो । त्यसैले पत्रकारिताको सबैभन्दा ठुलो धर्म अफवाह नियन्त्रण गर्ने क्षमतालाई लिने गरिन्छ ।

पछिल्लो समयमा इन्टरनेट प्लेटफर्ममा नागरिकको सहज पहुँच विस्तार हुँदै गएको छ । सो प्लेटफर्ममार्फत आफूलाई अभिव्यक्त गर्ने विभिन्न माध्यम बनेका छन् । युट्युब, फेसबुक, इन्स्टाग्राम, ट्वीटर, टिकटकजस्ता माध्यमले नागरिकलाई हर समय आफूलाई अभिव्यक्त गर्न सक्ने बनाइदिएको छ ।

अघिल्लो पुस्ताले २-४ कप चियाको चुस्की लिँदै चियापसल वा चौतारामा बसेर गर्ने संवादमा आफूलाई अभिव्यक्त गर्दै आनन्दानुभूति गर्दथ्यो भने अहिलेको पुस्ता इलोक्ट्रोनिक डिभाइसमा आफ्नै कोठाबाट आफूलाई सम्पूर्ण रूपमा अभिव्यक्त गर्न सक्षम बन्दै छ । मानव जातिका लागि यो समयले दिएको ठुलो उपहार हो ।

इन्टरनेट प्लेटफर्ममार्फत आफूलाई अभिव्यक्त गर्दा त्यसले एकै पटक ठुला सङ्ख्याका नागरिकको ध्यानाकर्षण गर्न सक्छ । एउटा व्यक्तिले राखेको निजी विचारलाई अर्को व्यक्तिले फरक ढङ्गले बुझ्न सक्छ । फरक बुझाइका आधारमा त्यहाँ द्वन्द्व बढ्दै जान्छ अनि दुई पक्ष निर्माण भएर गाली गलौज गर्ने र आफ्नो कुरालाई जबरजस्त सत्य देखाउन अर्कालाई झुट साबित गर्न खोज्ने अवस्था आउँछ ।

अहिले त्यसैगरी अफवाह फैलने र त्यसले नै जनमत निर्धारण गर्ने खतरा र प्रवृत्ति देखा पर्दैछ । प्रविधिको विकास र विकसित प्रविधिको अभ्यास हुँदै गर्दा यस्तो हुनु त्यति धेरै अस्वाभाविक पनि नठानिएला तर त्यसको कसरी अभ्यास गरिँदै छ भन्ने कुरामा ध्यान दिने र त्यसमाथि बहस थाल्न भने विलम्ब गर्नुहुन्न । यसरी ध्यान दिने र अभ्यासको तरिका माथि बहस गर्ने सानो समूह भए पनि कालान्तरमा त्यो बहसले एउटा राम्रो शिक्षा दिनसक्छ र अफवाह फैलाउने कुरामा मानिसलाई सचेत बन्न प्रेरित गर्नसक्छ । त्यसकारण त्यस्ता बहस जरुरी हुन्छ ।

अहिले सामाजिक सञ्जालमा पत्रकारितामाथि जथाभावी भन्ने लेख्ने अभ्यास पनि प्रशस्तै देखिएको छ । पत्रकारिता क्षेत्रलाई आफूमाथिको त्यो आरोपलाई वेवास्ता गर्दै आफ्नो दायित्व निर्वाहको पथमा हिँड्न पर्दछ । सत्य र तथ्यको खोजी गर्दै अफवाह होइन, सत्य बुझौं भन्ने मान्यताका साथ आफूलाई थप सक्रिय बनाउन जरुरी हुन्छ । यस्तो बेलामा आफ्ना उपभोक्ताको ध्यान खिच्न र थप विश्वसनीयता आर्जन गर्न थप मिहिनतका साथ सामग्री प्रस्तुत गर्न आवश्यक पर्दछ । पत्रकारिता अध्ययनका क्रममा पढाइने गरिन्छ कि, जुन कुरा सहज प्राप्त भएका हुन्छन्, विज्ञापन हुन्छ, जुन कुरा दबाएर राख्न खोजिएको हुन्छ त्यो कुरा समाचार हुन्छ । समाजलाई अफवाहबाट जोगाउने क्रममा यस्तै दबाएर राखिएका विषयलाई उजागर गर्दै ध्यानाकर्षण गर्ने र सत्य स्थापित गर्दै अगाडि बढ्ने हो भने अफवाह आफैं निरुत्साहित हुँदै जान्छ र समाजको सूचना प्रणाली आफैं बलियो हुँदै जान्छ ।

पाठक वर्गमा अनुरोध !

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक"** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक

**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# विपद् विनाश र विकासबीचको अन्तरसम्बन्ध

***सम्भावित विपद्बाट हुनसक्ने जनधनको क्षतिलाई सकेसम्म न्यूनीकरण गर्नु गराउनु नै यो चरणको मुख्य लक्ष्य हो ।***

***पुनर्निर्माणसम्बन्धी ऐन ल्याउन र पुन:निर्माण प्राधिकरण गठन गर्नमा केही विलम्ब भए पनि यसले काम सुरु गरेपछि लगातार छ वर्षमा धेरै महत्वपूर्ण कार्यसम्पन्न गरेको पाइन्छ ।***

***ऐतिहासिक सम्पदाको संरक्षण र सम्वर्द्धनमा चासो राख्ने स्वदेश र विदेशका सबै व्यक्ति र संस्थाका लागि नेपालले प्राप्त गरेको यो सफलता उत्साहजनक हुन गएको छ ।***



**श्रीरामसिंह बस्नेत**

विपद्ले विनाशमात्र गर्दैन, विकासका लागि नयाँ ढोका पनि खोल्छ । विश्वका विभिन्न भागमा अहिलेसम्म भएका अनेकौं प्राकृतिक विपद्को इतिहास हेर्ने हो भने यो तथ्य प्रमाणित भएको पाइन्छ ।

चाहे नेपालको विसं १९९० को महाभूकम्प होस् वा सन् १९९५ मा जापानको कोबे भूकम्प वा सन् २००१ मा भारत गुजरातको भुजको विनाशकारी भूकम्प होस्, त्यो विपद्पछिको पुन:निर्माणले ती स्थानको काँचुली नै फेरिदिएको सर्वविदितै छ । विसं २०७२ वैशाख १२ गते नेपालमा आएको ठूलो भूकम्पले पनि विनाश र वियोगका साथसाथै नवनिर्माणको अवसर पनि जुटाइदिएको सबैले अनुभूति गरेका छन् ।

सामान्यतया विपद्का तीन चरण हुन्छन्- विपद्पूर्व (प्रि-डिजास्टर), विपद् भइरहेको अवस्था ( ड्युरिङ् डिजास्टर) र विपद्पश्चात् (पोस्ट-डिजास्टर) । विपद्पूर्वको चरण मूलत:पूर्वतयारीको चरण हो । सम्भावित विपद्बाट हुनसक्ने जनधनको क्षतिलाई सकेसम्म न्यूनीकरण गर्नु गराउनु नै यो चरणको मुख्य लक्ष्य हो ।

हाम्रो देश विपद् पूर्वतयारीका लागि त्यति सबल नरहेको विसं २०७२ को भूकम्पमा प्रत्यक्ष अनुभव भयो । यो चरणमा बुद्धि र विवेक नपुर्‍याउँदा कति हृदयविदारक क्षति भोग्नुपर्छ भन्ने दृष्य चार महिनाअघिमात्र टर्कीको भूकम्पमा देखियो ।

विसं २०७२ को गोरखा भूकम्पमा झण्डै नौ हजार व्यक्तिले जीवन गुमाए भने २२ हजारभन्दा बढी घाइते भए । पूर्वतयारी सबल भइदिएको भए त्यो सङ्ख्या निकै घटाउन सकिन्थ्यो ।

दोस्रो चरण अर्थात् विपद् भइरहेको अवस्थाको दृष्टिले २०७२ को भूकम्पलाई लेखजोखा गर्दा केही मिश्रित स्थिति पाइन्छ । विशेषगरी सुरक्षाकर्मी, स्वास्थ्यकर्मी र सञ्चारकर्मीले त्यस अवस्थामा निर्वाह गरेका आफ्ना पेशागत कर्तव्यको जति प्रशंसा गरे पनि कमै हुन्छ । वैशाख १२ को मुख्य भूकम्प र त्यसपछिका साना ठूला परकम्पहरुको लगातार सन्त्राशका बीच भूकम्प प्रभावित स्थानहरुमा कार्यरत यी तीन पेशाकर्मीले गरेका कामको देश, विदेशमा चर्चा बटुलेको थियो । यो चरण वास्तवमा उद्धार र राहतमा केन्द्रित भएर काम गरिने चरण हो । त्यसका लागि सम्बन्धित निकाय र जिम्मेवार पदाधिकारीबीच चुस्त र प्रभावकारी समन्वय, समझदारी र सहकार्य अनिवार्य हुन्छ । तर हामी कहाँ त्यसमा कमीकमजोरी देखियो । फलस्वरुप कहीं राहत सामग्रीको थुप्रो लागेको, कहीं भने केही पनि नपुगेको गुनासो धेरै आयो । विदेशबाट आएका उद्धार टोलीहरुले आफ्नो साथमा ल्याएका अत्याधुनिक उपकरणहरुको प्रयोग गरे तर नेपालको उद्धार टोली भने त्यस्ता उपकरणको व्यवस्था नहुँदा साभेल, पिककै भरमा उद्धार कार्यमा जुटिरहेको बाध्यात्मक दृष्य पनि देखियो ।

विपद्को तेस्रो चरण अर्थात् विपद्पश्चात्को चरण मुख्यतया पुन:स्थापना र पुनर्निर्माणका कार्यमा केन्द्रित रहन्छ ।

गोरखा भूकम्पपछि भूकम्पपीडितको पुन:स्थापना र पुन:निर्माणका लागि धेरै महत्वपूर्ण काम भए । पुनर्निर्माणसम्बन्धी ऐन ल्याउन र पुन:निर्माण प्राधिकरण गठन गर्नमा केही विलम्ब भए पनि यसले काम सुरु गरेपछि लगातार छ वर्षमा धेरै महत्वपूर्ण कार्यसम्पन्न गरेको पाइन्छ । यद्यपि प्राधिकरणले आफ्नो अवधि पूरा गरिसकेपछि पनि अधुरा कार्य नेपाल सरकारको सम्बन्धित निकायमार्फत अझै जारी नै छ । पुन:निर्माणका मुख्य तीन क्षेत्र थिए-व्यक्तिगत आवास, सम्पदास्थल र सरकारी संरचना । भूकम्पको चपेटामा परी छ लाखभन्दा बढी घर पूर्णक्षतिग्रस्त भएका थिए भने करिब दुई लाख ८५ हजार घर आंशिक क्षति भएका थिए ।

पूर्णक्षतिग्रस्त घरलाई तोकिएको मापदण्डअनुसार पुन:निर्माण गराउन सरकारले घरधनीलाई रु तीन लाख अनुदान दिएको थियो भने आंशिक क्षति भएकालाई रु एक लाख ।

यो अनुदानले पुन:निर्माणको अभियान चलाउन धेरै ठूलो काम गर्‍यो ।

केही नीतिगत अन्योल रहे पनि निजी आवास पुन:निर्माणमा नेपालको प्रयास धेरै हदमा सफल रहेको भनी स्वदेश र विदेशमासमेत सराहना भएको पाइन्छ । यसको सबैभन्दा महत्वपूर्ण उपलब्धि भनेको पुन:निर्मित सबै घर भूकम्प सुरक्षा प्रविधि अपनाएर निर्माण गरिनु हो । गाउँ होस् वा सहर पुन:निर्मित घर पहिलाको दाँजोमा धेरै वैज्ञानिक र भूकम्पीय दृष्टिकोणले सुरक्षित बनेका छन् ।

देशभरमै भवन निर्माण संहिताको महत्व व्यवहारमै स्थापित गराउन सरकार सफल भएको छ । पुन:निर्मित घरका कोठा अलि साना भए भन्ने गुनासो सुनिन्छ । सुरुमै नीतिगत स्पष्टता भइदिएको भए सायद यो गुनासो आउँदैन थियो । आफ्नो नाममा जग्गाधनी पुर्जा नभएको कारण अनुदान पाउन नसकेका भूकम्पपीडितका गुनासो पनि सुनियो भने रु तीन लाख नगद पाउँदा पनि अशक्तता र परिवारमा सक्रिय उमेरको कोही पनि नभएको कारण घर बनाउन असमर्थ रहेका असहाय पीडित पनि भेटिए । यस्ता विशेष वर्गलाई विशेष व्यवस्था गरेर सुरक्षित आवास उपलब्ध गराउनु राज्यको दायित्व हो ।

गोरखा भूकम्पले सम्पदास्थलमा पनि धेरै क्षति पुर्‍याएको थियो । विश्वसम्पदा सूचीमा ससम्मान सूचीकृत सम्पदास्थल भूकम्पको चपेटामा परे । विशेषगरी काठमाडौं उपत्यकाभित्रका सम्पदास्थलमा धेरै क्षति पुगेको थियो । हनुमानढोका क्षेत्र, स्वयम्भूनाथ क्षेत्र र टोखाका सम्पदामा पूर्ण क्षति भएका थिए भने पशुपतिनाथ क्षेत्रमा विश्वरुप मन्दिरमा पूर्णक्षति र अन्य स्थलमा आंशिक क्षति पुगेको थियो । यसैगरी त्रिपुरेश्वर, पचली, कीर्तिपुर, धर्मस्थली, इचङ्गु आदि स्थानका सम्पदामा केहीमा पूर्ण र धेरैजसोमा आंशिक क्षति पुगेको थियो ।

पूर्णक्षति भएका महत्वपूर्ण ऐतिहासिकस्थलमा धरहरा, रानीपोखरीको बालगोपाल मन्दिर र काष्ठमण्डप पुन:निर्माणमा धेरैको चासो भएकाले विशेष चर्चित रहे । ललितपुर र भक्तपुरका दरबार क्षेत्रका केही सम्पदामा भूकम्पले गम्भीर क्षति पुर्‍याएको थियो भने धेरै स्थल आंशिक क्षतिमा परेका थिए । उपत्यका बाहिर विशेषगरी सिन्धुपाल्चोक, दोलखा र गोरखाका केही सम्पदा स्थलमा पनि भूकम्पले क्षति पुर्‍याएको थियो । अत्यन्त सिमित साधन र स्रोत भए पनि स्थानीय जनसमुदाय, जनप्रतिनिधि संस्था, पुरातत्व विभाग, पुन:निर्माण प्राधिकरण र अन्तर्राष्ट्रिय दातृ समुदायको सक्रियतामा अधिकांश सम्पदास्थलको पुन:निर्माण कार्य पूरा भइसकेको छ भने केही जारी छ । ऐतिहासिक सम्पदाको संरक्षण र सम्वर्द्धनमा चासो राख्ने स्वदेश र विदेशका सबै व्यक्ति र संस्थाका लागि नेपालले प्राप्त गरेको यो सफलता उत्साहजनक हुन गएको छ ।

यसैगरी गोरखा भूकम्पले विद्यालय भवन, स्वास्थ्य उपचार संस्था, सरकारी कार्यालयमा पनि गम्भीर क्षति पुर्‍याएको थियो । भूकम्प प्रभावित विभिन्न जिल्लाका गरी पाँच सय ७५ सामुदायिक विद्यालय र दुई सय १५ निजी विद्यालय भवन पूर्णरुपमा क्षतिग्रस्त भएका थिए । केही कक्षाकोठा मात्र क्षति भएको सङ्ख्या २५ हजारभन्दा बढी छन् । साथै अन्य सरकारी कार्यालय भवनमा दुई हजार छ सय ५६ मा पूर्णक्षति पुगेको थियो भने तीन हजार छ सय २२ मा आंशिक क्षति पुगेको गृहमन्त्रालय, विपद् व्यवस्थापन महाशाखालाई उद्धृत गर्दै विभिन्न सञ्चारमाध्यम र भूकम्पपछि प्रकाशित भूकम्पसम्बन्धी पुस्तकमा उल्लेख गरिएको पाइन्छ ।

कतिपय विद्यालय भवन पुन:निर्माण भई पहिलाकोभन्दा सुविधा सम्पन्न र आकर्षक देखिएका छन् । गाउँ र सहरका यस्ता क्षतिग्रस्त विद्यालय भवन पुन:निमाण गर्नमा विभिन्न मित्रराष्ट्रहरुले देखाएको सदासयता साँच्ची नै सराहनायोग्य छ । ती विद्यालयका विद्यार्थीका लागि त भूकम्प वरदान नै सावित हुन पुगेको छ । तर ठेकेदारको लापर्वाहीले केही विद्यालय भवनको पुन:निर्माण अझै पूरा हुन सकेको छैन । यसैगरी स्वास्थ्य संस्था र अन्य सरकारी भवनको पुन:निमाण केही पूरा भइसकेको छ भने केही निर्माणाधीन अवस्थामा छन् ।

प्रत्येक विपद्ले हरेक व्यक्ति, परिवार, समुदाय र सरकारलाई केही न केही महत्वपूर्ण पाठ सिकाएर जान्छ । पाठ सिकाउनु एउटा कुरा हो, त्यो पाठलाई आत्मसात् गरी आफ्नो कार्यशैलीमा परिवर्तन ल्याउनु र विपद्सँग सामना गर्ने क्षमता अभिवृद्धि गर्नु अर्को कुरा हो । त्यसैले भूकम्पलगायत सबै किसिमका विपद्सँग सामना गर्ने क्षमता विकास गर्न गोरखा भूकम्पले सिकाएको पाठलाई सबै पक्षले आत्मसात् गरी कार्यक्षेत्रमा सक्रिय रहनु नेपालका सम्पूर्ण समुदायको सुरक्षित भविष्यका लागि अपरिहार्य छ । (

लेखक वरिष्ठ पत्रकार तथा विपद्सम्बन्धी विज्ञ हुनुहुन्छ) रासस ।

तपाईको व्यवसाय विस्तारको लागि रेडियोबाट सूचना या विज्ञापन प्रशारण गर्नु छ ?

यदि छ भने नीलकण्ठ एफ.एम ९८.५ मेगाहर्जलाई सम्झनुहोस् ।

नीलकण्ठ नगरपालिका-३ सुगमटोल धादिङबेशी

फोन नं ०१०-५२१४३०/५९०४३०, ९८५११२०८५०

98.5mhz Neelkantha FM Dhading

email:neelkanthafm@gmail.com
Web :- neelkanthafm.com

## सेलायो सुरुङ मार्गको चर्चा

गण्डकी । कास्कीको हेम्जा-नयाँपुल र बागलुङको बिहुँ-नरेठाँटी सुरुङ मार्गको सम्भाव्यता अध्ययनमा ढिलाइ भएको छ । समयमै अध्ययन नहुँदा आयोजना निर्माण धकेलिँदै गएको छ । वर्षौंअघि घोषणा भएका सुरुङ मार्ग गतिहीन बनेपछि अहिले चर्चासमेत हुन छाडेको छ ।

सडक विभागले हेम्जा-नयाँपुल सुरुङ मार्गको चार वर्ष पहिले नै प्रारम्भिक अध्ययन थालेको थियो । उक्त सुरुङ मार्गको विस्तृत सम्भाव्यता अध्ययन हुनै बाँकी छ । पोखरा-बागलुङ राजमार्गमा पर्ने हेम्जा-नयाँपुल सुरुङ मार्ग बनेमा डेढ घण्टाको सडकमार्ग १५ मिनेटमा छोटिनेछ । अहिले हेम्जा-नयाँपुलको दुरी ४० किमि छ ।

सुरुङ मार्गले त्यसलाई सातदेखि आठ किमिमा घटाउने अनुमान गरिएको छ । यसले प्रदेश राजधानी पोखरालाई पर्वतसहित धवलागिरिका चारै जिल्लालाई जोड्छ । पर्वत उद्योग वाणिज्य सङ्घका अध्यक्ष गोपी अधिकारीले सरकार सुरुङ मार्ग अध्ययनकै प्रक्रियामा अलमलिएको बताउनुभयो ।

"यो सुरुङ मार्ग बनाउनुपर्छ भन्ने हाम्रो पहिलेदेखिकै माग हो, अध्ययनका लागि बजेट पनि छुट्टिने गरेको छ, तर आयोजनामा खासै प्रगति भएको देखिन्न", उहाँले भन्नुभयो, "गण्डकी प्रदेशकै पर्यटन र आर्थिक विकासमा यो सुरुङ मार्ग कोशेढुङ्गा बन्छ, यसलाई अगाडि बढाउनुपर्छ ।"

चीन जोड्ने कालीगण्डकी करिडोरसमेत यस क्षेत्रमा पर्ने हुँदा सुरुङ मार्गले अन्तरदेशीय पारवहन र पर्यटनमा उल्लेख्य टेवा पुग्ने अध्यक्ष अधिकारीले बताउनुभयो । सुरुङ मार्गबाट नयाँपुलमा जोडिएपछि पर्वतको सदरमुकाम कुश्मा हुँदै जाने लोकमार्ग बागलुङ-पर्वतको सीमास्थल मालढुङ्गामा करिडोर काटेर पश्चिम लाग्छ ।

दक्षिणबाट गुल्मी हुँदै आएको कालीगण्डकी करिडोर बागलुङ, म्याग्दी, मुस्ताङ हुँदै उत्तर कोरोला नाका जोडिन्छ । सडक विभागका सुरुङ मार्ग हेर्ने इन्जिनियर सोनी श्रेष्ठले हेम्जा-नयाँपुल सुरुङ मार्गको विस्तृत सम्भाव्यता अध्ययन छिट्टै सुरु हुने जानकारी दिनुभयो । "पूर्वसम्भाव्यता अध्ययनको रिपोर्ट आइसकेको छ, अब विस्तृत सम्भाव्यता अध्ययनको काम अगाडि बढ्छ", उहाँले भन्नुभयो, "अध्ययनमै समय लाग्छ, प्रतिवेदन आउनुपऱ्यो, सुरुङ मार्ग निर्माण कहिले र कसरी सुरु हुन्छ यसै भन्न सकिँदैन ।"

उक्त सुरुङ मार्ग अध्ययनका लागि सरकारले चालु आवमा रु एक करोड ५० लाख बजेट छुट्याएको थियो । सुरुङ मार्ग अध्ययनका लागि परामर्शदाता कम्पनीसमेत छनोट गरिसकेको विभागले जनाएको छ । सङ्घीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय, पोखराका प्रमुख ललिजन खनालले सुरुङमार्गबारे आफूहरुलाई कुनै जानकारी नआएको बताउनुभयो । सडक विभागअन्तर्गत गुणस्तर अनुसन्धान तथा विकास केन्द्रमार्फत सुरुङमार्ग अध्ययनको काम हुँदै आएको छ ।

लोकमार्गअन्तर्गत बागलुङको बिहुँ-नरेठाँटी जोड्ने सुरुङ मार्गको त प्रारम्भिक अध्ययनसमेत हुन सकेको छैन । सरकारले गत वर्ष नै उक्त सुरुङ मार्गको सम्भाव्यता अध्ययन गर्ने घोषणा गरेको थियो ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले चालु आवमा उक्त सुरुङ मार्गका लागि रु ५० लाख बजेट छुट्याएको थियो । बिहुँ-नरेठाँटी सुरुङ मार्ग आयोजनाबारे बेलाबेला चर्चा चल्ने गरे पनि पहिलोपटक बजेटमा समेटिएको थियो । तर आर्थिक वर्ष सकिनै लाग्दा पनि आयोजना अध्ययनको काम सुरु हुन सकेको छैन ।

बागलुङ-२ का सांसद देवेन्द्र पौडेलले बजेट अभाव देखाएर मन्त्रालयले काम अगाडि नबढाएको बताउनुभयो । "रातो किताबमै परेको आयोजना हो, अहिलेसम्म अध्ययनको काम अगाडि बढ्नुपर्ने हो, तर मन्त्रालयले बजेटको समस्या देखाउने गरेको छ", उहाँले भन्नुभयो, "यसमा हामीले पनि सुरुदेखि नै पहल गरिरहेका छौं ।"

सांसद पौडेलले उक्त सुरुङ मार्ग निर्माण हुन सके मध्यपहाडी लोक मार्ग भएर यात्रा गर्ने कैयन जिल्लाका सर्वसाधारणदेखि पर्यटकसम्मलाई लाभ पुग्ने बताउनुभयो ।

काठेखोला गाउँपालिका-५ बिहुँदेखि गलकोट नगरपालिका-२ नरेठाँटी जोड्ने उक्त सुरुङमार्गले लोकमार्गमा घण्टौं लाग्ने यात्रालाई केही मिनेटमै सीमित गर्नेछ । गलकोट-२ का अध्यक्ष हेमन्त भण्डारीले बजेटमै पर्दा पनि सुरुङ मार्गको काम अघि नबढ्नु दुःखद् भएको उल्लेख गर्नुभयो ।

उहाँका अनुसार केही वर्षअघि परामर्शदाता कम्पनीका प्रतिनिधि आएर सुरुङ मार्ग बन्ने ठाउँको स्थलगत अवलोकन भने गरेका थिए । "एकपटक ठाउँ हेर्ने काम भएको थियो, त्यतिबेला केही आशा पलाएको थियो, त्यसपछि फर्केर कोही आएका छैनन्", अध्यक्ष भण्डारीले भन्नुभयो, "अध्ययनसमेत हुन नपाइ आयोजना सुस्ताउने स्थिति देखिएको छ ।"

उक्त सुरुङ मार्गले यातायातसँगै त्यस क्षेत्रको आर्थिक/सामाजिक विकासमा टेवा पुऱ्याउने विश्वास लिइएको छ । सरकारले घुमाउरा सडक भएका पहाडी भूगोलमा सुरुङ मार्ग निर्माणको नीति लिएको छ । चालु आवमा २४ सुरुङ मार्ग आयोजनाका लागि सरकारले रु एक अर्ब १९ करोड ६० लाख बजेट छुट्याएको थियो । सडक विभागले 'सुरुङ मार्ग विकास कार्यक्रम' मार्फत सुरुङकमार्गको निर्माण र अध्ययनलाई अगाडि बढाएको छ ।

## एमालेलाई बदनाम गर्न खोजियो : अध्यक्ष ओली

काठमाडौं । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले नक्कली भुटानी शरणार्थी प्रकरणमा एमालेलाई बदनाम गर्न खोजिएको टिप्पणी गर्नुभएको छ ।

एमाले पार्टी मुख्यालयमा आजदेखि सुरु भएको स्थानीय तहका जनप्रतिनिधिलाई दुई दिने अनुशिक्षण कार्यक्रममा उहाँले नक्कली भुटानी शरणार्थी प्रकरणमा एमालेलाई दोष देखाउन खोजेको भन्दै यसमा एमालेको संलग्नता नरहेको बताउनुभयो ।

"एमाले यस्ता कुरामा संलग्न छैन । एमाले सधैं भ्रष्टाचारको विरोधी गर्छ", उहाँले भन्नुभयो, "एमाले स्वच्छता, पारदर्शी र सुशासनको पक्षमा रहेको छ । तर एमालेलाई बदनाम गर्न खोजियो ।" उहाँले एमाले विरुद्ध संसद्मा आधारहिन, असत्य र जनतालाई भ्रम पार्ने खालका कुरा सत्ता पक्षका सांसदले बोलेकाले संसद् अवरुद्ध गरिएको बताउनुभयो । "संसद्मा बोलेका कुराको पुष्टि हुनुपऱ्यो । पुष्टि हुने सम्भावना छैन", उहाँले भन्नुभयो ।

अध्यक्ष ओलीले पार्टी अहिले चौतर्फि घेराबन्दीमा परेको बताउनुभयो । "नेपालीलाई भुटानी बनाएर विदेश पठाउने धन्दामा केही व्यक्ति सामेल भएका छन् । अहिले यसमा को संलग्न छ ? अदालतमा मुद्दा परेको छ म भन्न चाहन्न", उहाँले भन्नुभयो, "तर भुटानी शरणार्थी प्रकरणको सबै दोष एमालेतर्फ खन्याउन खोजियो ।" उहाँले नक्कली भुटानी शरणार्थी प्रकरणमा आफूसँग नजिकका व्यक्तिलाई बयानमा नाम भन्न लगाएको आरोप लगाउनुभयो । "मेरा नजिकका मानिसलाई कसरी पोल्न, लेख्न र मुछ्न लगाउने काम भइरहेको छ", उहाँले भन्नुभयो, "एमालेका विरुद्ध अनेक प्रकारका हिलो छ्याप्ने, आरोपित गर्ने प्रयास भइरहेका छन् ।"

उहाँले आफू माथि भौतिक आक्रमण हुँदा सरकारले आक्रमण गर्नेलाई कारवाही नगरेको आरोप लगाउनुभयो । उहाँले स्थानीय तहका प्रतिनिधिलाई एमालेको प्रतिनिधि जस्तो भएर काम गर्न आग्रह गर्नुभयो । "आचरण, बानी, व्यवहार, शैली सबै कुरा एमाले जस्तो अगाडि बढ्न आग्रह गर्दछु", उहाँले भन्नुभयो, "कामले सफलता हामीले सफलता हासिल गर्नुपर्दछ ।" भोलिसम्म सञ्चालन हुने प्रशिक्षणमा आज पहिलो दिन स्थानीय तहको कार्यक्षेत्र, कार्यक्रमको प्राथमिकीकरण र बजेट तर्जुमा विषयमा नेपाल सरकारका पूर्वसचिव शिशिरकुमार ढुङ्गाना, स्थानीय तहमा सुशासन, सेवा प्रवाह र जनशक्ति व्यवस्थापन विषयमा गाउँपालिका राष्ट्रिय महासङ्घ नेपालका पूर्वकार्यकारी निर्देशक विमल पोखरेल, स्थानीय तहको स्रोत परिचालन, वैकल्पिक लगानी र विकास व्यवस्थापन विषयमा राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका पूर्वकार्यकारी अधिकृत सुशील ज्ञवालीले प्रशिक्षण दिनुभयो ।

अनुशिक्षणमा एमालेले नगरप्रमुख ८३ र उपप्रमुख ११५ तथा गाउँपालिका अध्यक्ष एक सय २३ र उपाध्यक्ष एक सय २६ सहभागी हुनुहुन्छ ।

## बाँदर नियन्त्रणको माग राख्दै धादिङका किसान

मलेखु । खेतबारीमा लगाएको अन्नपात र फलफूल बाँदरले सखाप पारेपछि धादिङका किसान आन्दोलित भएका छन् । वर्षभरि खाने अन्नपात फल लाग्ने बेला बाँदरले वर्षेनी नाश बनाउने क्रम झन बढ्न थालेको किसानले बताएका छन् ।

बाँदरले नष्ट पारेको मकैको बोटसहित शुक्रबार धादिङको नीलकण्ठ नगरपालिका-९ निगालपानी आसपासका किसानले सदरमुकाम धादिङबेसीमा प्रदर्शन गरेका छन् । मकैको बोटको माला बनाएर घाँटीमा झुण्डाउँदै प्रदर्शनमा उत्रिएका किसानले कृषि मन्त्रीको राजीनामा माग गरेका छन् ।

विगत वर्षदेखि नै बाँदर नियन्त्रणको लागि माग गर्दै आए पनि कुनै पनि सरकारले बेवास्था गरेको उनीहरुको भनाइ छ । वर्षेनी खेतबारीमा लगाएको अन्न र फलफूल बाँदरले नष्ट पारिदिएपछि किसान चिन्तित भएका हुन् । "बारीमा बाँदरले मकै भाँचेको देखेर आँसु आउँछ ।" बाँदर नियन्त्रणको माग गर्दै शुक्रबार धादिङबेसी आइपुग्नुभएकी टिकाकुमारी श्रेष्ठ भन्नुहुन्छ, "बारीमा जे लगाए पनि बाँदरबाट जोगाउन सकिदैन, वर्षेनी दुःख गर्यो फल खान पाइएन, यो वर्ष पनि अनिकाल पर्ने भयो ।"



अहिले मकैमा चमरा लाग्ने बेला भएको छ । निगालपानी आसपासका किसानले लगाएमो मकैमा बाँदरको रजाइ छ । "दुःख गऱ्यो, मल हाल्यो खेती गऱ्यो, हुर्कायो । आउला खाउँला, छाक टारौला भन्यो वर्षेनी बाँदरले सखाप बनाउँछ", किसान देवीप्रसाद रिजाल भन्नुहुन्छ, "हाम्रो समस्यालाई सरकारले ध्यान दिएन, कि बाँदर नियन्त्रण गरियोस् कि हाम्रो खानेकुराको व्यवस्थापन सरकारले गरिदियोस् ।"

बाँदरले मकै नाश गरेको मकैको बोटकै माला लगाएर किसान सदरमुकाम धादिङबेशीमा रहेका सरकारी कार्यालयको गेट गेटमै नारा लगाउँदै हिँडेका हुन् ।

## नक्कली भूटानी प्रकरणमा बयान सुरू

काठमाडौं । काठमाडौं जिल्ला अदालतमा नक्कली भूटानी शरणार्थी प्रकरणमा संलग्न रहेको आरोपमा पक्राउ परेका अभियुक्तमाथि बयान सुरु भएको छ ।

न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजलासमा शुक्रबारदेखि बयान सुरू भएको हो । बयानका क्रममा आज केशव दुलाल र सागर राईको बयान लिइएको छ । अरू आरोपितको बयान क्रमशः हुँदै जानेछ । अब आइतबार पनि बयान जारी रहनेछ ।

नेपाली नागरिकलाई नक्कली भूटानी शरणार्थी बनाएर अमेरिका लैजाने भन्दै भएको ठगी प्रकरणमा पक्राउ परेका दुलाल यो ठगी प्रकरणका मुख्य बिचौलिया रहेको पाइएको छ । पूर्ववडाध्यक्षसमेत रहेका राई पनि यो ठगी प्रकरणमा बिचौलिया रहेको खुलेपछि पक्राउ गरिएको थियो । उक्त प्रकरणमा सरकारी वकिल कार्यालयले ३० जनाविरुद्ध मुद्दा दर्ता गरेको थियो । तीमध्ये मुद्दा दर्ता गर्दासम्म १६ पक्राउ परेका थिए । आज एकजना फरार अभियुक्त लक्ष्मी महर्जन पक्राउ परेका छन् ।

महर्जनसहित १६ जना अभियुक्त पक्राउ भएका छन् । अझै १३ जना अभियुक्त फरार छन । फरार अभियुक्तविरुद्द पनि अदालतमा मुद्दा दर्ता गरिएको छ ।

अदालतमा उक्त प्रकरणका अभियुक्तको बयानपछि थुनछेक बहस हुनेछ । अभियुक्त थुनछेक बहसपछि धरौटीमा थुनामुक्त हुने वा थुनामा पठाउने निर्णय अदालतले गर्नेछ ।

## प्रधानसेनापति शर्माद्वारा राष्ट्रससंघको झण्डोत्तोलन

काभ्रे । प्रधानसेनापति प्रभुराम शर्माले संयुक्त राष्ट्रसङ्घको विश्व शान्तिकार्यको उद्देश्य पूरा गर्न नेपाली सेना प्रतिबद्ध रहेको बताउनुभएको छ ।

काभ्रेको पाँचखालस्थित वीरेन्द्र शान्तिकार्य तालिम केन्द्रमा आयोजित अन्तर्राष्ट्रिय संयुक्त राष्ट्रसङ्घीय शान्ति सैनिक दिवस समारोहमा उहाँले शान्ति स्थापनामा सेनाको सहभागिताले नेपालको प्रतिष्ठा बढाउन योगदान पुऱ्याएको उल्लेख गर्नुभयो ।

समारोहमा प्रधानसेनापति शर्माले त्यहाँस्थित वीर स्मारकमा पुष्पहार अर्पण गर्नुका साथै राष्ट्रसङ्घ शान्ति सेनाको झण्डोत्तोलन गर्नुभयो ।

शान्तिकार्य निर्देशक सन्तोषबल्लभ पौडेलले विश्वभर राष्ट्रसङ्घले विश्वशान्ति जस्तो पवित्र कार्यका लागि नेपाली सेनाले देखाएको विशिष्ट आँट, योगदान र बलिदानका लागि मान्यता प्रदान गरेको बताउनुभयो । समारोहमा प्रधानसेनापति शर्माले विश्व शान्तिकार्यमा परिचालित हुने क्रममा बलिदानी दिने साहसिक सैनिकका परिवार र योद्धालाई पदक र कदरपत्र प्रदान गरी सम्मान गर्नुभयो ।

राष्ट्रसङ्घको निस्वार्थ शान्तिकार्यमा योगदान पुऱ्याउने मरणोपरान्त सैनिक, प्रहरी र नागरिकलाई राष्ट्रसङ्घका पूर्वमहासचिव ड्याग ह्यामर सोल्डका नाममा स्थापित पदक र प्रमाणपत्र प्रदान गरिएको हो । उक्त सम्मान शान्ति मिसनमा खटिँदाको अवस्थामा वीरगति प्राप्त गर्ने सवारी साधनका प्राविधिक पिताम्बर थापा, सिपाही दीपेन्द्र बस्ती र पशुपति कार्कीका धर्मपत्नीलाई प्रदान गरियो ।

समारोहमा सहसेनानी कैलाशकुमार बस्नेत, जमदार गोविन्द थापा र हुद्दा हिक्मत तामाङलाई सम्मानपत्र प्रदान गरिएको थियो । नेपाली सेनाले विगत ६८ वर्षको अवधिमा विश्वका ४४ शान्ति मिसनमा खटिई योगदान पुऱ्याइसकेको छ । हालसम्म एक लाख ४५ हजार तीन सय ५६ शान्ति सैनिकले राष्ट्रसङ्घको शान्ति पदक प्राप्त गरिसकेका छन् ।

विश्व शान्ति स्थापनाकार्यमा हालसम्म ७२ सैनिकको वीरगति प्राप्त भइसकेको छ भने ६६ जना घाइते भएका छन् । हाल विश्वका विभिन्न मुलुकमा स्थापना भएका १३ शान्ति मिसनमा पाँच सय २९ महिलासहित छ हजार ५७ नेपाली शान्ति सैनिक परिचालित छन् । राष्ट्रसङ्घबाट अनुरोध भई आएमा एकै पटक १० हजारको सङ्ख्यामा शान्ति सैनिक खटाउन सक्ने नेपालले यसअघि नै प्रतिबद्धता जनाइसकेको छ । विश्व शान्तिका लागि धेरै सैनिक खटाउने मुलुकको सूचीमा नेपाल हाल दोस्रो वरियतामा छ ।

वीरेन्द्र शान्तिकार्य तालिम केन्द्रमा शान्ति स्थापनाकार्यका लागि खटिने विश्वका विभिन्न देशका सैनिक तालिमरत छन् । उक्त तालिम केन्द्रलाई 'सेन्टर अफ एक्सिलेन्स' का रूपमा विकास गर्ने लक्ष्य छ । उक्त सेन्टरबाट तालिम प्राप्त हाल छ हजार सैनिक कार्यक्षेत्रमा परिचालित छन् ।

## वीर अस्पतालको सेवा सुधार गर्न स्वास्थ्यमन्त्रीको निर्देशन

काठमाडौं । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले एक हप्ताभित्र बिरामीले महसुस हुने गरी र सुधार भएको देखिने गरी वीर अस्पतालको सेवा सुविधा सुधार गर्न नेतृत्वलाई निर्देशन दिनुभएको छ ।

शुक्रबार वीर अस्पतालको आकस्मिक निरीक्षणपछि मन्त्री बस्नेतले अनलाइन टिकटको व्यवस्था, अस्पतालको सरसफाइ, शय्याबारे वेबसाइटमार्फत जानकारी र सघन उपचार कक्षमा शय्या थप्दै सेवा सहजरूपमा प्रवाह गर्न अस्पताललाई निर्देशन दिनुभएको हो । उहाँले भन्नुभयो, "वीर अस्पताल देशकै उत्कृष्ट अस्पतालको रूपमा चिनिनुपर्छ । एक हप्ताभित्र अनलाइन टिकट, फोहोर व्यवस्थापन, इमरजेन्सी र डाइलासिसमा शैया थपेर सेवा सुधार गर्नुहोस् ।" मन्त्री बस्नेतले वीर अस्पतालमा सञ्चालनको तयारीमा रहेको नौ शय्याको सघन उपचार कक्ष एक हप्ताभित्रै सञ्चालनमा ल्याउन अस्पताललाई निर्देशन दिनुभयो । उहाँले वीर अस्पतालमा कार्यरत चिकित्सक र स्वास्थ्यकर्मीलाई कार्यालय अवधिभर नबसे कारवाही गर्न चेतावनीसमेत दिनुभयो । "सुरुमा हामी चिकित्सकलाई कार्यालय समयमा निजी अस्पताल क्लिनिकमा नगइदिन अनुरोध गर्दछौं । तर हाम्रो अनुरोधलाई कमजोरी ठाने कारवाही गरिने छ", उहाँले भन्नुभयो । मन्त्री बस्नेतले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स)का निमित्त उपकुलपति प्राडा भुपेन्द्र बस्नेत र वीर अस्पतालका निर्देशक डा सन्तोष पौडेलले वीर सेवाप्रवाहबारे मा जानकारी दिनुभएको थियो ।

# पत्रकार जिम्मेवार बन्नुपर्छ : मुख्यमन्त्री शाह

टीकापुर । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले जनप्रतिनिधि मात्र नभइ पत्रकार पनि देश, जनता र समाजप्रति जिम्मेवार हुनुपर्ने बताउनुभएको छ ।

नेपाल प्रेस युनियन लम्की शाखा कैलालीको पाचौं अधिवेशन तथा २३औं स्थापना दिवस उद्घाटन गर्दै उहाँले देशको विकास र समृद्धिका लागि जनप्रतिनिधि मात्र नभइ पत्रकारसमेत जिम्मेवार हुन आवश्यक रहेको बताउनुभयो ।

मुख्यमन्त्री शाहले मुलुकको व्यवस्था, सङ्घीयता र भसोरा जोगाउने दायित्व जनप्रतिनिधिको भएको बताउँदै यी व्यवस्था जोगाउ सहयोग पुग्ने खालका समाचार मिडिमार्फत आउनुपर्ने बताउनुभयो । उहाँले अहिलेको व्यवस्थाबाट मुलुकको समृद्धि हुनुपर्नेमा जोड दिनुभयो ।

प्रदेश सकार पत्रकार जगतलाई अलग राखेर अघि नबढ्ने विश्वास दिलाउँदै मुख्यमन्त्री शाहले पत्रकारलाई साथमा लिएर अघि बढ्ने बताउनुभयो । सरकारका कमी कमजोरीमा औँला उठाउन आग्रह गर्दै उहाँले आफूले प्रेस स्वतन्त्रताको वातावरण बनाउन पहल गर्ने बताउनुभयो । "पत्रकारले सही सूचना मात्र दिनुपर्छ, सत्य नबुझी कसैको मानमर्दन हुने समाचार लेख्न हुन्न", उहाँले भन्नुभयो, "प्रदेश सरकारलाई सुझाव दिने खालका समाचार लेख्नुस्, म पूर्वाग्रही हुनेछैन । सुझावका रुपमा लिनेछु ।"

कार्यक्रममा नेपाल प्रेस युनियनका वरिष्ठ उपाध्यक्ष प्रेम केसीले जनप्रतिनिधिले पनि प्रेस सल्लाहकार राखेर मिडियालाई सहज हुने गरी सूचना दिनुपर्ने आवश्यक रहेको बताउनुभयो । उहाँले पत्रकार महासङ्घले पत्रकारको शुद्धीकरण अभियान चलाएका बेला युनियनसमेतमा शुद्धीकरण आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा नेपाली कांग्रेस कैलालीका उपसभापति भीम बड्वालले पत्रकारिताले व्यावसायिक धर्म भुल्न नहुने बताउनुभयो । लम्कीचुहा नगरपालिकाका प्रमुख शुशिला शाहीले पत्रकारले भष्ट्राचारका विषयमा बढी कलम चलाउन आवश्यक रहेको बताउनुभयो । प्रेस युनियन सुदूरपश्चिमका अध्यक्ष मनमोहन स्वाँरले पत्रिका, एफएम धरापमा परिरहेकाले पत्रकार पनि समस्यामा रहेका बताउँदै मिडियाको संरक्षणमा सरकारको ध्यान जानुपर्नेमा जोड दिनुभयो ।

प्रेस युनियन लम्कीका सभापति देवानन्द न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा मोहन्याल गाउँपालिकाका उपाध्यक्ष कमल साउँद, पत्रकार महासङ्घका केन्द्रीय सदस्य भरत शाह, पत्रकार महासङ्घका सुदूरपश्चिम अध्यक्ष योगेश रावल, नेपाली कांग्रेस लम्की चुहा नगरका सभापति इन्द्र कुँवर, युनियन लम्कीका सल्लाहकार भुवनेश्वर अधिकारीले अधिवेशनको शुभकामना व्यक्त गर्नुभएको थियो ।

प्रेस युनियन लम्कीको सभापतिमा परमानन्द पाण्डे चयन हुनुभएको छ । लम्कीमा सम्पन्न पाचौं अधिवेशनले पाण्डेलाई अध्यक्षमा सर्वसम्मत चयन गरेको छ। युनियनको उपाध्यक्षमा चन्द्रप्रसाद खनाल, समावेशी उपाध्यक्ष रतनलाल चौधरी, सचिवमा विरेन्द्र शाह, कोषाध्यक्ष धर्मेन्द्र विष्ट र सहसचिव महिलामा दिपशिखा न्यौपाने चयन हुनुभएको छ ।

# मानवअधिकार उल्लंघनका घटना समाधान गर्न आयोगको भूमिका चुनौतीपूर्ण : प्रदेश प्रमुख खापुङ

मोरङ । कोशी प्रदेशका प्रदेश प्रमुख परशुराम खापुङले मानवअधिकार उल्लङ्घनका घटनाको समाधान गर्न राष्ट्रिय मानवअधिकार आयोगको भूमिका चुनौतीपूर्ण रहेको बताउनुभएको छ ।

राष्ट्रिय मानवअधिकार आयोगको २३औँ वार्षिकोत्सव समारोहको शुक्रबार उद्घाटन गर्दै उहाँले मानवअधिकार संरक्षण गर्न आयोगले संविधान र प्रचलित ऐन कानुन बमोजिम भूमिका निर्वाह गरेमा सफलता प्राप्त हुने विचार व्यक्त गर्नुभयो ।

प्रदेश प्रमुख खापुङले समाजमा महिला, बालबालिकामा हुने दुर्व्यवहार एवं विभेद्का घटनाले दुःखी बनाउने गरेको चर्चा गर्दै यसलाई अन्त्य गर्न तीन तहको सरकारले विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो । उहाँले मानवअधिकारलाई नेपालको संविधानले मौलिक हक अधिकारकोका रुपमा व्याख्या एवं सुनिश्चित गरेको छ भन्दै आयोगले मानवअधिकारलाई संरक्षण र विभेद् हटाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने विचार राख्नुभयो ।

आयोगका कोशी प्रदेश प्रमुख पवनकुमार भट्टले प्रदेशमा मानवअधिकारको अवस्था विषयक कार्यपत्र प्रस्तुत गर्दै मानवअधिकार संरक्षण र सम्बर्द्धनको क्षेत्रमा समाजका सबै वर्गको भूमिका अहम र महत्वपूर्ण रहेको बताउनुभयो । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)का प्रदेश प्रमुख सोमराज थापा, उच्च अदालत विराटनगरका कृष्ण गौतम, शिक्षा समन्वय इकाई विराटनगरका प्रमुख टङ्क गौतमले मानवअधिकाको संरक्षण र सम्बर्द्धनका लागि राज्यले आयोगको भूमिका प्रभावकारी बनाउनुपर्ने सुझाव दिनुभयो ।

# हज यात्रा-२०२३ का लागि एक हजार ९२ जना छनोट

काठमाडौं । सन् २०२३ को हज यात्राको तयारी अन्तिम चरणमा पुगेको नेपाल हज समितिले जनाएको छ ।

हालै नयाँ जिम्मेवारी पाउनुभएका समितिका अध्यक्ष मकबुल मिया (शाह)को नेतृत्वमार्फत हज यात्राको व्यवस्थापनको जिम्मेवारी नेपाल हज समितिले लिएको छ ।

उहाँका अनुसार सन् २०२३ को हज यात्राका लागि एक हजार ९२ जना छनोटमा परेका छन् । हज यात्री नेपालबाट यही जेठ १६, १७, १८, २०, २१ र २२ गतेको उडानमार्फत त्यसतर्फ जाने समितिले जानकारी गराएको छ ।

गृह मन्त्रालय र साउदीको हजा तथा उमरा मन्त्रालयको आग्रहमा शाह नेतृत्वको समितिले हज यात्रा व्यवस्थापनको जिम्मेवारी लिएको छ । सन् २०२२ मा नेपालदेखि हज गर्न जाने हज यात्रीहरूको व्यवस्थापन गृह मन्त्रालयअन्तरगत रहेको हज समितिले गरिरहेको छ ।

साउदी सरकारले आफ्नो ठूलो बजेट हज तथा उमरा मन्त्रालय मातहत रहेर खर्च गरिरहेको छ । यस वर्ष पनि नेपाल हज समितिले नेपालबाट साउदी अरबस्थित मक्का (पवित्र तीर्थस्थल)मा हज (तीर्थ) गर्न जाने नेपाली मुस्लिम धर्मावलम्बीको हज यात्राको समग्र व्यवस्थापन गर्नेछ । समितिले नेपाल हज समिति कार्यविधि-२०७२ अनुसार गर्नेछ ।

साउदी अरेबियाको सरकारले हजको व्यवस्थापनमा सरसफाइ, सुरक्षा र खानपिन र पिउने पानीको सुविधा उपलब्ध गराउँछ । सन् २०२२ को हजमा नेपालीलाई विदेशमा खाना, खाजा, बास तथा तीर्थ गराउने कार्यमा उत्कृष्ट व्यवस्थापन गरिएको थियो ।

# यातायातमा भएको अनियमितताको छानबिन हुन्छ

भक्तपुर । यातायात व्यवस्था कार्यालय भक्तपुरमा भएको अनियमितताका बारेमा छानबिन गरी कारबाही प्रक्रिया अगाडि बढाइने भएको छ ।

कार्यालयको आफ्नै लिखित परीक्षा हल हुँदाहुँदै प्रलोभनमा परेर निजी क्षेत्रलाई परीक्षा सञ्चालन गर्ने जिम्मेवारी दिएकोबारेमा विवाद बढेपछि प्रदेश सरकारले यसबारेमा थप अनुसन्धान गरी कारबाही प्रक्रिया अगाडि बढाउने भएको हो ।

नयाँ सवारी चालक अनुमतिपत्रका सम्पूर्ण कार्यका साथै लिखित परीक्षा सञ्चालन, प्रयोगात्मक अर्थात् ट्रायल परीक्षा सञ्चालन, नवीकरणलगायत कार्य गर्दै आएको यातायात व्यवस्था कार्यालय भक्तपुरले प्रदेश मन्त्रालयलाई पत्तै नदिई नियम विपरित निजी क्षेत्रलाई परीक्षाको अनुमति दिएपछि कार्यालय प्रमुख शिवकुमार निरौला विवादमा तानिएका हुन् ।

कार्यालयका कर्मचारीले पत्तो नपाउने गरी हिमालय टाइम्समा टेण्डर आह्वान गर्दै निःशुल्क परीक्षा सञ्चालन गर्ने भन्दै कार्यालय प्रमुखले मध्यपुरथिमि-९ राधेराधेस्थित बुढाथोकी ट्रेडर्स एण्ड ट्रेनिङ स्कुल प्रालिलाई सवारी चालक अनुमतिपत्रको लिखित परीक्षा सञ्चालनको अनुमति दिएपछि यो निर्णय र सम्झौता विवादमा परेको हो ।

बागमती प्रदेश सरकार श्रम, रोजगार तथा यातायात मन्त्रालयका सचिव अस्मान तामाङले लिखित परीक्षा निजी क्षेत्रलाई दिएर कार्यालय प्रमुखले अनियमितता र बेइमानी गरेको बताउँदै यसबारेमा मन्त्रालयले छानबिन गरी कारबाही गर्ने बताउनुभयो ।

आज राससससँग कुरा गर्दै उहाँले भन्नुभयो, "निजी क्षेत्रमा लिखित परीक्षा सञ्चालन गर्ने जिम्मेवारी दिनु कार्यालय प्रमुखले गलत गरेको प्रष्ट भएको छ, हामी तत्काल कोटा दिँदैनौं र यसबारेमा छानबिन गरेर कारबाही प्रक्रिया अगाडि बढाउछौं र लिखित परीक्षा कार्यालयमै सञ्चालन गर्ने गरी फकाउँछौं ।" उहाँले लिखित परीक्षा सञ्चालन कार्यालयमै फर्काउने र सेवाग्राहीलाई सहज व्यवस्थापन गर्ने गरी मन्त्रालय अगाडि बढेको बताउनुभयो ।

भक्तपुरमा कार्यालय सञ्चालन भएको लामो समयसम्म पनि निजी क्षेत्रलाई परीक्षा सञ्चालनको जिम्मेवारी नदिई कार्यालयले आफ्नै हलमा परीक्षा सञ्चालन गर्दै आए पनि अहिलेका कार्यालय प्रमुख निरौलाले भने कार्यविधिको बाहना बनाएर यही जेठ ८ गतेदेखि दुई पाङ्ग्रे र चारपाङ्ग्रे हल्का सवारीसाधनको लिखित परीक्षाको जिम्मेवारी निजी क्षेत्रलाई दिएको हो । यो व्यवस्थाप्रति सेवाग्राहीसमेत आक्रोशित भएका छन् । यातायात कार्यालयले साह्रै दुःख दिने गरेको गुनासो गर्दै काभ्रेको बनेपाबाट सेवा लिन आउनुभएकी सुनिता न्यौपानेले भन्नुभयो, "पैसा तिरेर पनि सहज सेवा नपाइने कार्यालय रहेछ यो, परीक्षाका लागि दस्तुर बुझाउन, फोटो खिच्न, स्वास्थ्य परीक्षणलगायतको प्रक्रियाका लागि कार्यालयमा जानुपर्ने, एउटै सेवा लिन चार ठाउँमा लाइन बस्नुपर्ने, लिखित परीक्षाका लागि अन्तै जानुपर्ने, अनि फेरि ट्रायल दिन अन्तै जानुपर्ने, तीन चार दिन यतिकै खेर जाने, यो कस्तो लापरबाही हो ?"

कार्यालय प्रमुख निरौलाले कार्यालयको लिखित परीक्षा सञ्चालन गर्ने हल साँघुरो भएको, घामपानीमा परीक्षार्थीलाई गाह्रो भएको र कार्यालयको भीडभाड कम गर्न निजीलाई दिएको बताउनुभयो ।

उहाँले यातायातको २०७८ कार्यविधिलाई टेकेर निजी क्षेत्रलाई परीक्षाको अनुमति दिएको दाबी गर्नुभयो । उहाँले भन्नुभयो, "प्रयोगात्मक परीक्षा सञ्चालन गर्नेले निःशुल्क परीक्षा हल उपलब्ध गराउनुपर्ने कार्यविधिमा उल्लेख भएकाले सोही बमोजिम निजी क्षेत्रलाई दिएको हो ।"

तर कार्यालयकै कर्मचारीले आफ्नै परीक्षा हल हुँदाहुँदै कार्यविधि खोज्दै निजीलाई दिनु कार्यालय प्रमुखको मिलेमतो प्रष्ट हुने बताउनुभयो । ती कर्मचारीले भने, "कार्यविधिमा सवारी चालक परीक्षा र प्रयोगात्मक परीक्षास्थल एउटैमा राख्न सकिने भनेको छ तर अहिले दिएको बुढाथोकी मोटर ड्राइभिङ स्कुल प्रालिमा दुई पाङ्ग्रे र चारपाङ्ग्रे हलुका सवारी साधनको प्रयोगात्मक परीक्षा हुँदैन, कर्मचारीलाई गुमराहमा राखेर कार्यविधि विपरित कार्यालय प्रमुखले सम्झौता गर्नुले हामी नै अचम्ममा परेका छौं, सम्झौता रद्द गरेर कार्यालयमै परीक्षा सञ्चालन गर्नुको विकल्प छैन ।"

कार्यालयले प्रमुखले बस र मिनिबसको प्रयोगात्मक परीक्षाको अनुमित पनि बुढाथोकी मोटर ड्राइभिङ सेन्टरलाई दिने सम्झौतासमेत गर्नुभएको छ । तर मन्त्रालयले कोटा दिएको छैन । लिखित परीक्षा कार्यालयमै फिर्ता नभएसम्म मन्त्रालयले कोटा नदिने भएको छ । कार्यालयका सूचना अधिकारी गोविन्दराज शिवाकोटीले कार्यालयले परीक्षा सञ्चालन निजी क्षेत्रमा पठाएर कार्यालयको परीक्षा हललाई बैठक हल बनाउन लागेको बताउनुभयो ।

# बागमती प्रदेशले तीन दिन गणतन्त्र दिवस मनाउने

मनहरि । बागमती प्रदेश सरकारले तीन दिन गणतन्त्र दिवस, २०८० विविध कार्यक्रमहरू गरी मनाउने तय गरेको छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालयमा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा मन्त्री गङ्गानारायण श्रेष्ठले जेठ १४ गतेदेखि १६ गतेसम्म विभिन्न कार्यक्रम आयोजना गर्ने तालिका सार्वजनिक गर्नुभएको छ ।

सरकारले जेठ १४ गते बृहत् रक्तदान कार्यक्रम आयोजना गर्नेछ । यस्तै जेठ १५ गते बिहान हेटौँडाको बुद्धचोकबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्राङ्गणसम्म प्रभातफेरि आयोजना गर्ने, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्राङ्गणमा गणतन्त्र दिवस, २०८० विशेष समारोहमा प्रदेश प्रमुखबाट सम्बोधन हुने कार्यक्रम रहेको मन्त्री श्रेष्ठले बताउनुभयो । सोही दिन साँझ प्रदेशस्थित सबै मन्त्रालय, कार्यालय, सार्वजनिक एवं सामुदायिक सङ्घसंस्था, शैक्षिक प्रतिष्ठान तथा निकाय र प्रदेशवासीका घरघरमा दीपावली गर्ने बताउनुभयो ।

जेठ १६ गते वृक्षरोपण कार्यक्रम आयोजना गर्ने मन्त्रालयअन्तर्गतका कार्यालय र सार्वजनिक स्थानको सरसफाइ गर्ने, सार्वजनिक निकायले राष्ट्रिय झण्डा फहराउने एवं ब्यानर प्रदर्शन गर्ने, सञ्चार माध्यममार्फत गणतन्त्र दिवसलाई सभ्य र भव्यरूपमा मनाउन अपिल गर्ने, प्रदेशमा क्रियाशील पत्रकारलाई प्रोत्साहित गर्न विभिन्न विधामा स्थापित पत्रकारिता पुरस्कार वितरण गर्ने जस्ता कार्यक्रम तय भएको मन्त्री श्रेष्ठले बताउनुभयो । दिवसका अवसरमा राजनीतिक दल र नागरिक समाजको प्रतिनिधिबीच अन्तरक्रिया गर्ने,"गणतन्त्रको १५ वर्ष अवसर र चुनौती विषयमा खुला लेख प्रतियोगिता आयोजना गर्ने बताउनुभयो ।

# एपीएफको विपद् प्रतिकार्य कृतिम अभ्यास

काठमाडौं । सशस्त्र प्रहरी बल, नेपाल नं ९ पशुपतिनाथ बाहिनी मुख्यालय बलम्बु काठमाडौंले शुक्रबार कीर्तिपुर नगरपालिका-६ स्थित टौ दहमा विपद् प्रतिकार्य कृतिम अभ्यास आयोजना गरेको छ ।

मनसुनको सुरुआतसँगै घट्न सक्ने बाढीपहिरो, डुबान एवं विपद्का घटनामा चुस्तदुरुस्त रुपमा परिचालन गर्नका लागि पूर्वतयारी स्वरुप विपद् प्रतिकार्य कृतिम अभ्यास गरिएको हो ।

सशस्त्र प्रहरी बल, नेपाल नं १८ निलबराही गण बलम्बु र नं २० विपद् उद्धार गण सिनामङ्गलको सहकार्यमा उपलब्ध खोज तथा उद्धारका स्रोतसाधनको अधिकतम प्रयोग गरी जिल्ला एवं प्रदेशस्थित विपद् व्यवस्थापनसँग सरोकार राख्ने निकाय तथा अन्य सुरक्षा निकायहरुलाई सहभागी गराइ बाहिनीस्तरिय कृत्रिम अभ्यास गरिएको हो ।

अभ्यास अवलोकनमा पुग्नुभएका सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक चन्द्रप्रकाश गौतमले कुनै पनि विपद्को अवस्थामा उद्धारकर्ताले सामना गर्नुपर्ने परिदृष्यको वास्तविकताको झल्को दिने कृतिम अभ्यासले विपद् प्रतिकार्यलाई व्यवस्थित एवं प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । उहाँले सशस्त्र प्रहरी बल, नेपाललाई राज्य प्रदत्त विभिन्न कार्यदेशमध्ये विपद् व्यवस्थापन एउटा महत्वपूर्ण कार्यादेश भएको उल्लेख गर्दै यस प्रकारका कार्यादेश सम्पन्न गर्न सीप तथा क्षमतायुक्त दक्ष जनशक्ति आवश्यक रहेको बताउनुभयो ।

कीर्तिपुर नगरपालिकाका उपप्रमुख शुभलक्ष्मी शाक्यले सशस्त्र प्रहरी बल, नेपालले प्रदर्शन गरेको पूर्वतयारीको कृतिम अभ्यासले विपद् प्रतिकार्यमा परिचालन हुँदा विपद्बाट हुने क्षतिलाई न्यूनीकरण गर्न सघाउ पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा सशस्त्र प्रहरी बल, नेपाल नं ९ पशुपतिनाथ बाहिनी मुख्यालय काठमाडौंका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक पुरुषोत्तम थापासहित उपत्यकास्थित सशस्त्र प्रहरी बल, नेपालका गणका गणपति तथा गुल्मपति, नेपाली सेना र नेपाल प्रहरीका अधिकृत, जिल्ला प्रशासन कार्यालय काठमाडौँका प्रतिनिधिलगायत अन्य सरोकारवाला निकाय तथा सङ्घ संस्थाहरुका प्रतिनिधिको सहभागिता रहेको आयोजक संस्थाले जानकारी दिएको छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com